## वैदेशिक रोजगार (म्यादी) जीवन बीमालेख दाबीमा आवश्यक कागजातहरु

**१. यस बीमालेख अन्तर्गत बीमा अवधि भित्र बीमितको विदेशमा मृत्यु भएमा तल उल्लेखित कागजातहरु पेश गर्नुपर्ने छ।**

- क) दाबीकर्ताको हस्त लिखित निवेदन (मृत्युको कारण सहित)
- ख) राहादानीको प्रतिलिपि (प्रमाणित गरिएको)
- ग) मृतकको विदेशमा मृत्यु भएको भए रद्ध गरिएको राहदानीको प्रतिलिपि (प्रस्थान र आगमन मिति सहितको) (प्रमाणित गरिएको)
- घ) सक्कल बीमालेख
- ङ) मृत्यु दर्ता प्रमाण पत्र (प्रमाणित गरिएको)
- च) मृतक र दाबीकर्ताको नाता प्रमाणित (प्रमाणित गरिएको)
- छ) हकवालाको नागरिकता प्रमाणपत्रको प्रतिलिपि (प्रमाणित गरिएको)
- ज) उपचारको कममा मृत्यु भएको भए उपचार सम्बन्धि कागजात (प्रमाणित गरिएको)
- झ) सम्बधित मुलुकको नेपाली राजदूतावासबाट जारी भएका मृत्यु सम्बन्धि कागजात (प्रमाणित गरिएको)
- ञ) दाबीकर्ताको नागरिकता प्रमाणपत्रको प्रतिलिपि (प्रमाणित गरिएको)

**२. बीमित विदेश प्रस्थान गर्नु अगाडि बीमालेख अवधिले ६ महिना सम्ममा मृत्यु भएमा पेश गनु पर्ने कागजातहरु**

- क) दाबीकर्ताको हस्त लिखित निवेदन (मृत्युको कारण सहित)
- ख) मृतकको राहादानीको प्रतिलिपि (प्रस्थान र आगमन मिति सहितको) (प्रमाणित गरिएको)
- ग) सक्कल बीमालेख
- घ) मृत्यु दर्ता प्रमाण पत्र (प्रमाणित गरिएको)
- ङ) मृतक र दाबीकर्ताको नाता प्रमाणित (प्रमाणित गरिएको)
- च) मृतकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि (प्रमाणित गरिएको)
- छ) दाबीकर्ताको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि (प्रमाणित गरिएको)
- ज) विदेशिएको हवाईटिकटको भए सो समेतको प्रतिलिपि (प्रमाणित गरिएको)
- झ) सम्बन्धित स्थानीय निकायको पञ्चिकरणअधिकारीले जारी गरिएको बीमितको मृत्युको कारण खुलेको जानकारी पत्र (सक्कल)
- ञ) दुर्घटनाबाट मृत्यु भएमा पेश गर्नुपर्ने थप कागजात
  - अ) प्रहरीबाट तयार गरिएको घटनास्थल लास जाँच मुचुल्का (प्रमाणित गरिएको)
  - आ) बीमितको मृत्यु सम्बन्धि प्रहरीले प्रदान गर्ने जानकारी पत्र(प्रमाणित गरिएको)
  - इ) शव परिक्षण प्रतिवेदन (प्रमाणित गरिएको)

**३. बीमालेख अवधिभित्र बीमितलाई बीमालेख अन्तर्गतको घातक रोग लागेमा वा अशक्तता भएमा वा अन्य कुनै अगांभंग भएमा तल उल्लेखित कागजात पेश गर्नुहोला**

- क) बीमितको हस्त लिखित निवेदन रोगको विवरण सहित
- ख) बीमितको राहादानीको प्रतिलिपि (प्रस्थान र आगमन मिति सहितको)(प्रमाणित गरिएको)



- ग) सक्कल बीमालेख
- घ) घातक रोग लागेमा : मान्यता प्राप्त चिकित्सकबाट घातक रोग लागेको पुष्टि हुने कागजात(प्रमाणित गरिएको)
- ङ) अशक्तता भएमा : मान्यता प्राप्त चिकित्सकबाट बीमालेखमा उल्लेखित अशक्तता भएको पुष्टि हुने कागजात (प्रमाणित गरिएको)
- च) अन्य कुनै अगांभंग भएमा : मान्यता प्राप्त चिकित्सकबाट बीमालेखमा उल्लेखित अगांभगं भएको पुष्टि हुने कागजात (प्रमाणित गरिएको)
- छ) बीमितको नागरिकताको प्रतिलिपि (प्रमाणित गरिएको)

**४. निर्धारित गम्भिर (*Critical Illness*) रोगको निदान पुर्व गरिएको औषधोपचार तथा दुर्घटनाबाट लागेको चोटपटकको लागि आवश्यक औषधोपचारको लागि पेश गनुपर्ने कागजातहरु**

- क) बीमितको हस्त लिखित निवेदन उपचार सम्बन्धि रोगको विवरण सहित
- ख) बीमितका राहादानीको प्रतिलिपि (प्रस्थान र आगमन मिति सहितको) (प्रमाणित गरिएको)
- ग) सक्कल बीमालेख
- घ) बीमितको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि (प्रमाणित गरिएको)
- ङ) औषधोपचार गरेको सक्कल रसिद


: ०१ ४४३६१२६

: ९८०१२३४४४४

: info@snlic.com

: sunlife.com.np

: सिम्खडा प्लाजा, पुतलीसडक, काठमाडौं




SUNLIFE

सबैका लागि सुरक्षा, शिक्षा र समृद्धि

# सन नेपाल

लाइफ इन्स्योरेन्स कं. लि.

## वैदेशिक रोजगारी
## म्यादी जीवन बीमा जानकारी पत्र



विदेशी भूमिमा स्वदेशी सुरक्षाको प्रतिबद्धता।

## हाम्रो बारेमा

सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड जीवन बीमा व्यवासय गर्ने कम्पनी हो। बीमा ऐन २०७९ बमोजिम नेपाल बीमा प्राधिकरणबाट नियामन र निर्देशित रहन्छ। यस कम्पनीले साबधिक जीवन बीमा , आजीवन जीवन बीमा र म्यादी जीवन बीमा योजना अन्तर्गत धेरै किसिमको बीमा योजना प्रचलनमा ल्याएको छ। यस कम्पनीले जीवन बीमा सेवा प्रकट गरि जोखिम सुरक्षण, आर्थिक समृद्धि तथा मानबिय मुल्यमान्यतामा रही काम गर्दै आएको छ। यस कम्पनीले औपचारिकरुपमा २०७४/०६/०६ देखि व्यवासय संच्चालन गर्दै आएको छ। यस अवधिमा यस कम्पनीले आफुलाई अग्रिम बीमाकम्पनीको रुपमा पहिचान कायम गरेको छ।

सन नेपाल लाइफले नेपालभरका व्यक्ति र परिवारलाई आफ्ना विभिन्न बीमायोजनाहरू मार्फत सुरक्षा, लगानी, बचत र स्वास्थ्य समाधानहरू प्रदान गर्दै आएकोछ ।

## वैदेशिक रोजगारी म्यादी जीवन बीमाको बारेमा

वैदेशिक रोजगार (म्यादी) जीवन बीमा नेपालबाट विदेशमा काम गर्न जाने व्यक्तिहरुको जोखिमको सुरक्षण गर्ने उद्देश्यले विकास भएको म्यादी जीवन बीमा योजना हो । यस्तो बीमा नगराई कसैले विदेशमा काम गर्न जान सक्दैन । वैदेशिक रोजगार ऐन, २०६४ ले जुनसुकै कारणबाट विदेशमा रहेको कामदारको मृत्यु वा अंगभंग भएमा क्षतिपुर्ति पाउने गरी बीमा गर्नुपर्ने अनिवार्य व्यवस्था गरेसँगै नेपालमा यो बीमा प्रारम्भ भएको हो । यो बीमाको शर्त बन्देज तथा बीमाशुल्क एवम् लाभहरु बीमा प्राधिकरणबाट तोकिए बमोजिम हुन्छन् । बीमा प्राधिकरणबाट -जारी भएको वैदेशिक रोजगार (म्यादी) जीवन बीमा सम्बन्धी निर्देशन- २०७३ नै यो बीमाको श्रोत हो । नेपाल सरकारले रोजगारको लागि निषेध गरेको मुलुक बाहेक अन्य मुलुकमा जाने कामदारले वैदेशिक रोजगारीको श्रम सम्झौताको आधारमा यस्तो बीमा गराउन सक्छन। श्रम स्वीकृतीको अवधि भन्दा ६ महिना थप गरेर बीमा गराउन पर्दछ। जस्तै २ बर्षको श्रम स्वीकृती छ भने २.५ बर्षको बीमा गार्नु पर्छ। यो बीमालेखको बिमाङ्क रकम रु १० लाख हुन्छ। साथै दुर्घटनाबाट स्थायी अशक्त भएको अवस्थामा यो बीमालेखले जोखीम बहन गर्दछ। दुर्घटनाबाट शरीर अङ्गभङ्ग भएको अवस्थामापनि बीमालेखको अनुसुची अनुसार निश्चित रकम प्राप्त हुन्छ। साथै बीमालेखको अवधि रहँदा सम्म बीमितलाई १५ प्रकारको घातक रोग लागेको पुष्टि भएमा रू ५ लाख उपचार खर्च प्रदान हुन्छ ।

यस बीमालेखले बहन गर्ने जोखिमहरु,

रु. १० लाखको बीमा सुरक्षा
रु. १० लाखसम्मको स्थायी अशक्तता सुविधा
रु. ५ लाखको घातक रोगहरुमा उपचार खर्च
रु. २ लाख बीमितको आयको नोक्सानी बापत खर्च
रु. १ लाखको किरिया तथा अन्य खर्च
रु १ लाख शव परिवाहन खर्च
रु. १ लाख सम्मको औषधोपचार खर्च

- माथिको सबै सुरक्षाहरु एउटै बीमाशुल्क बापत बहन गरिएको हुन्छ ।
- **न्यूनतम बीमाशुल्कमा अधिकतम सुरक्षण**



## वैदेशिक रोजगार म्यादी जीवन बीमा Online जारी गर्ने प्रक्रियाहरु :

- बीमाको लागि निवेदन दिनु पुर्व बैदेशिक रोजगार विभागको वेवसाइट feims.dofe.gov.np मा गई आफ्नो सम्बन्धित विवरणहरु, पासपोर्ट नं, जान चाहेको देश, अवधि आदि भरी online username र password लिनु पर्छ ।
- वैदेशिक रोजगार विभागको वेवसाइट feims.dofe.gov.np मा सम्पूर्ण विवरणहरु भरिसकेपछि मात्र Insurance को लागि Proceed गर्न सकिन्छ ।
- Insurance को लागि eSewa मा आफ्नो User name र Password राखी Login गर्ने ।
- Govt Payment मा Click गरी “Foreign Employment Insurance Fund” मा Click गर्ने। त्यसभित्र रहेको Insurance Company मध्य “SUN Nepal Life Insurance” सेलेक्ट गरेर आफ्नो पासपोर्ट नं राख्ने र बीमा अवधि राख्ने ।
- त्यसपछि आएको विवरण रुजु गरी Proceed गर्ने । बीमा जारी गर्दा त्यहाँ उल्लेख गरिएको रकमभन्दा बढी रकम कसैलाई पनि तिर्नु पर्दैन ।

बीमाशुल्क दर निम्न बमोजिम रहेको छ ।

| उमेर समूह | अवधि (वर्ष) | बीमाशुल्क |
|---|---|---|
| १८ देखि ३५ वर्ष | २ | ३०४६ |
| | २.५ | ३७०८ |
| | ३ | ३९२४ |
| ३६ देखि ५० वर्ष | २ | ४०२५ |
| | २.५ | ४९३१ |
| | ३ | ५३३० |
| ५१ देखि ६४ वर्ष | २ | ७६५० |
| | २.५ | ९४६३ |
| | ३ | ९९७० |

६५ बर्षदेखि माथि उमेर समूहका लागि अतिरिक्त बीमाशुल्क लाग्नेछ । यसको लागि कम्पनीमा सम्पर्क गर्न सकिनेछ ।

**अनलाइन बीमा जारी गर्न केहि समस्या भएमा हाम्रो कुनै पनि शाखा कार्यालयमा सम्पर्क गरी जारी गर्न सकिनेछ ।**

### सामान्य शर्तहरु

१) **बीमाशुल्क भुक्तानी**
बीमा प्रारम्भ मितिमा पूरा अवधिको एकमुष्ठ बीमाशुल्क भुक्तानी गर्नुपर्ने छ।

२) **उमेरको प्रमाण**
नेपाली नागरिकताको प्रमाणपत्र वा नेपाल सरकारले जारी गरेको राहदानीलाई बीमकले उमेर सम्बन्धी प्रमाणको रुपमा स्वीकार गर्नेछ ।

३) **चुक्ता मूल्य, समर्पण मूल्य तथा कर्जा**
यस बीमालेख अन्तर्गत कुनै पनि चुक्ता मूल्य, समर्पण मूल्य तथा कर्जा उपलब्ध हुने छैन ।



४) बीमालेख जारी भएको मितिले ६ महिनासम्म बीमितले उचित कारण सहित बीमालेख रद्द गर्न अनुरोध गरेमा रु ५००/- प्रति बीमालेखका गरी बाँकी बीमाशुल्क फिता हुनेछ ।

५) बीमालेख जारी भएको मितिले ६ महिना सम्म स्वदेशमा समेत जोखिमको रक्षावरण हुनेछ । ६ महिना पश्चात् बीमित गन्तव्य मुलुक नगाई स्वदेशमै रहेको अवस्थामा बीमालेख स्वत: रद्द हुनेछ । यसरी रद्द भएको अवस्थामा बीमितले अनुरोध गरेमा समानुपातिक हिसाबले हुने आउने बीमाशुल्क फिर्ता हुनेछ ।

६) कुनै पनि समयमा बीमितले गलत तरिकाले सुविधा उपभोग गरेको प्रमाणित भएमा त्यसरी उपभोग गरेको सुविधा रकम एकमुष्ठ बुझाउन बीमकले बीमितको नाममा ३५ दिने सूचना जारी गर्न सक्नेछ । त्यसरी बीमकले जारी गरेका सूचनाको म्याद भित्र बीमितले सो रकम बीमकलाई भुक्तानी गर्नुपर्नेछ ।

७) सामान्यतया दाबी उत्पन्न भएको ३५ दिन भित्र बीमकलाई लिखित जानकारी दिनु पर्नेछ। सो अवधि भित्र बीमकलाई सूचना दिन असम्भव भएमा मौखिकरुपमा बिमकलाई जानकरी दिनु पर्नेछ ।

८) **बीमालेख अन्तर्गत नपर्ने जोखिमहरु :**
प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा निम्न लिखित जुनसुकै कारणबाट बीमितको मृत्यु वा अपाङ्गता वा अङ्गभङ्ग भएमा बीमकले कुनै पनि दायित्व वहन गर्ने छैन ।
क) कानून बमोजिम अनुमति पाएका हवाई जहाजमा उडान गर्दा बाहेक अन्य उडान गर्दा ।
ख) कानूनको बर्खिलाप हुने गरी कुनै युद्ध जस्ता कार्य (युद्ध घोषित होस् वा नहोस्) मा संलग्न भएमा।
ग) नागरिक वा जगी ऐन भंग गरेमा ।
घ) नेपाल सरकारले वैदेशिक रोजगारीका लागि निषेध गरेका मुलुकमा जाँदा। उपरोक्त जोखिमहरु बाहेक यस बीमालेखले विदेशमा प्रवास, यात्रा वा पेशा गर्न कुनै बाधा पुयाउने छैन ।

९) यस बीमालेख अन्तर्गत कुनै विवाद उत्पन्न भएमा बीमा ऐन, २०७९ बमोजिम समाधान हुनेछ ।

## वैदेशिक रोजगार (म्यादी) जीवन बीमालेखको दाबी सम्बन्धि सुचना

१. वैदेशिक रोजगार म्यादी जीवन बीमा सम्बन्धमा दाबीकर्ता आफैले जुन सुकै कार्यालयबाट जानकारी लिन सक्नेछ । सम्बन्धित सरोकार नभएको र असम्बद्ध कुनै पक्षसँग कम्पनीले विवरण दिन वा कुनै जानकारी दिन बाध्य हुने छैन ।
२. यस बीमालेख अन्तर्गत बीमालेख जारी भएको मितिले ६ महिनासम्म स्वदेशमा रहको अवस्थामा मात्र जोखिमको रक्षावरण हुनेछ ।
३. दाबीकर्ताले आवश्यक कागजात सहित जुनसुकै कार्यालयबाट दाबी भुक्तानी पाउँ भनि निवेदन पेश गर्न सक्नेछ ।
४. दाबी भुक्तानी लिन बीमितको हकवाला कम्पनी (निजलाई पायक पर्ने शाखा तथा उपशाखा कार्यालय)मा उपस्थित हुनु पर्नेछ ।
५. यस बीमालेख अन्तर्गतको मृत्यु दाबी भुक्तानी रकम लिन बीमितको हकवाला कम्पनीमा उपस्थित हुन नसकेको अवस्थामा कम्पनीको प्रतिनिधि हुनुपर्नेछ।